# अन्नपूर्ण गाउँपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

गाउँ कार्यपालिकाबाट पारित मिति २०७५।०१।२९

**<u>संशोधन :</u>** स्वीकृत मितिः

अन्नपूर्ण गाँउपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८० २०८०।०४।०९

अन्नपूर्ण गाँउपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी (दोस्रो संसोधन) कार्यविधि, २०८१ २०८१।०१।०३

१) यो कार्यविधिको नाम अन्नपूर्ण गाउँपालिकामा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ रहनेछ । ।

२) प्रारम्भ: यो कार्यबिधि गाँउ कार्यापालिकाले पारित गरेको मिति बाट लागु हूनेछ ।

३) परिभाषा: बिषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

क) समिति भन्नाले एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

ख) एम्बुलेन्स सेवा भन्नाले आकस्मीक रुपमा प्रदान गर्नु पर्ने सेवालाई सम्झनू पर्छ ।

ग) कार्यपालिका भन्नाले अन्नपूर्ण गांउकार्यपालिकालाई सम्झनु पर्छ ।

घ) गांउ सभा भन्नाले अन्नपुर्ण गाँउपालिकाको गाउसभालाई सम्झनू पर्छ ।

ङ) वडा सदस्य भन्नाले कुनै वडाको वडा समितिको सदस्य सम्झनु पर्दछ ।

४) एम्बूलेन्स संचालन तथा ब्यबस्थापनका लागि तपशिल बमोजिमको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

**तपशिल**

| | | |
|---|---|---|
| १ | सामाजिक बिकास समितिका पुरुष सदस्य: | संयोजक |
| २ | सामाजिक बिकास समितिको महिला सदस्य: | सदस्य |
| ३ | कुनै वडाको वडा सदस्य: | सदस्य |
| ४ | कार्यपालिकाको महिला सदस्य: | कोषाध्यक्ष |
| ५ | स्वास्थ्य शाखा प्रमूख: | सदस्य - सचिव |

५) माथि गठित समितिले एम्बुलेन्स संचालन तथा आर्थिक ब्यबस्थापन लगायतका अन्य कार्यहरु गर्नु पर्दछ।

६) एम्बुलेन्सको भाडा दर अनुसुची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

७) एम्बुलेन्स सञ्चालन गर्न आवश्यक आर्थिक व्यवस्थापनको लागि गाँउपालिका लगायत अन्य व्यक्ति, सघ सस्था सँग समितिले समन्वय गर्न सक्नेछ ।

८) सङकलित भाडा तथा प्राप्त सहयोग रकम एक कोषमा जम्मा गरिने छ । सो कोष परिचालनको लागि समितिको सयोजक , कोषाध्यक्ष र सदस्य सचिवको सयुक्त दस्तखत हुने गरी खाता सञ्चालन गरिने छ ।

९) एम्बुलेन्सको अवस्था सञ्चालन प्रक्रिया लगायतका गतिविधिको बारेमा सामाजिक विकास समितिले कम्तिमा महिनाको एक पटक गाँउपालिका समक्ष प्रगति विवरण प्रस्तुत गर्नु पर्नेछ ।

क) ७० वर्ष माथिका ज्येष्ठ नागरिकलाई सिकिस्त विरामी भई एम्बुलेन्स आवश्यक पर्ने अवस्था आएमा निशुल्क रुपमा सेवा प्रदान गर्ने। यसका लागि उमेर खुलेको ज्येष्ठ नागरिक परिचय पत्र वा नागरिकताको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

ख) दुर्घटनामा परेका बिरामीलाई एम्बुलेन्स आवश्यक पर्ने भए निशुल्क रुपमा सेवा प्रदान गर्ने।

ग) आर्थिक रुपमा विपन्न रहेका र एम्बुलेन्सको खर्च व्यहोर्न आर्थिक हैसियत नभएका भनी वडा अध्यक्षबाट प्रमाणित भई आएका व्यक्तिलाई निशुल्क रुपमा सेवा प्रदान गर्ने।

घ) निशुल्क सेवा प्रदान गर्नका लागि नेपाली नागरिक अनिवार्य हुनुपर्नेछ।

ङ) एम्बुलेन्स पुग्न नसक्ने ठाउँमा सेवा प्रदान गर्नु बाध्यकारी हुने छैन।

च) पहिलो मागकर्ता पहिलो प्राथमिकतामा रहनेछ।

छ) विरामी बाहेक अन्य व्यक्तिहरु सेवा प्राप्तिका लागि योग्य हुने छैनन्।

ज) कर्मचारी र जनप्रतिनिधिहरु बिरामी भई एम्बुलेन्स आवश्यक पर्ने विशेष अवस्था भएमf निशुल्क रुपमा सेवा प्रदान गर्ने ।

१०) शव बहानको व्यवस्थापन गर्नु पर्दा अनुसुची (१) मा उल्लेखित भाडा दरको दोब्बर भाडा दर लाग्नेछ ।

११) एम्बूलेन्स संचालन तथा ब्यबस्थापन लगायतका सम्पुर्ण कार्यको निगरानी,अनूगमन तथा नियगमन गर्ने सम्पुर्ण अधिकार तथा जिम्मेवारी गाँउ कार्यापालिकामा रहनेछ ।

*दफा ९ को क देखि ज सम्म पहिलो संशोधनले थप गरिएको ।*

अन्नपूर्ण गाउँपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

## अनुसुची १

## बुदाँ न (६) सँग सम्बन्धित

| सि न | स्थान | भाडादर रु |
|---|---|---|
| १ | पोखरेबगर- काभ्रे | ९०० |
| २ | पोखरेबगर- तितर | ७०० |
| ३ | पोखरेबगर- दाना | ५०० |
| ४ | पोखरेबगर- नारच्याङ | ५०० |
| ५ | पोखरेबगर- तातोपानी | २०० |
| ६ | पोखरेबगर- भूरुङ | ६०० |
| ७ | पोखरेबगर- बेनी | १५०० |
| ८ | पोखरेबगर- बाग्लुङ | २००० |
| ९ | पोखरेबगर- पोखरा | ४००० |
| १० | पोखरेबगर- दोबा | ८०० |
| १० क | पोखरेवगर-औला-माराका | ५०० |
| ११ | पोखरेबगर- बिरौटा | ५०० |
| १२ | पोखरेबगर- घार | ८०० |
| १३ | पोखरेबगर- शिख | १२०० |
| १४ | पोखरेबगर- घराम्दी | १२०० |
| १५ | पोखरेबगर- हिस्तान | १२०० |
| १६ | पोखरेबगर- राम्चे | २००० |
| १७ | पोखरेबगर- काफलडाडा | १८०० |
| १८ | पोखरेबगर- रिम | १२०० |
| १९ | पोखरेबगर- नागी | २४०० |
| २० | पोखरेबगर- पाउद्धार | १००० |
| २१ | पोखरेबगर- दोसल्ले | ६०० |
| २२ | बेनी-पोखरा | २५०० |
| २३ | पोखरेबगर खिवाङ | १००० |
| २४ | पोखरेबगर  चित्रे | १४०० |
| २५ | पोखरेबगर औल | १००० |

माथि उल्लेखित भाडा दर समय अनुकुल परिवर्तन गर्न सकिनेछ ।

*अनुसुची १ मा रहेको भाडादर दोस्रो संशोधनले थप गरिएको ।*